**प्राज्ञिक विमर्श**, वर्ष ७, अङ्क, १३, २०८२ वैशाख, ISSN 2676–1297

# *अनिदो पहाडसँगै* उपन्यासमा प्रतिरोधी चेतना

असमान लामा❋
**asmanlama220@gmail.com**

***अध्ययनसार***

*प्रस्तुत आलेखमा 'अनिदो पहाडसँगै' उपन्यासमा प्रतिरोधको चेतनाको विश्लेषण गरिएको छ। प्रतिरोधको चेतना सांस्कृतिक चिन्तन हो । यसले सदियौँदेखि शासकहरू तथा प्रभुत्वशाली वर्गले शासित, दमित र उत्पीडित पारिएकाहरूमाथि भएका अन्याय, अत्याचारप्रति अस्वीकृति जनाउँदै आफ्नो अधिकार, स्वतन्त्रता, अस्तित्व र पहिचानको वकालत गर्दछ। यस लेखमा प्रतिरोधसम्बन्धी मान्यताका आधारमा अनिदो पहाडसँगै उपन्यासमार्फत् व्यक्त प्रतिरोधको चेतनाको अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । फुकोले प्रतिरोधलाई शक्तिको अभ्याससँग जोडेको पाइन्छ। प्रतिरोध मानवीय गुण नै हो । यस अध्ययनमा जब मानिसमाथि प्रभुत्व लाद्ने कार्य हुन्छ तब त्यहाँ प्रतिरोध हुन्छ भन्ने देखाइएको छ। यस लेखका लागि सामग्री सङ्कलन गर्न पुस्तकालयको प्रयोग गरिएको छ। सङ्कलित सामग्री विश्लेषणका लागि निगमन विधि र लेख प्रस्तुतीकरणका लागि वर्णनात्मक विधि अवलम्बन गरिएको छ। यस अध्ययनमा वर्षौंदेखि सामन्ती पितृसत्ताले महिलाहरूमाथि र प्रभुत्वशाली शासकहरूले सत्ताका बलमा जनताहरूमाथि दमन, शोषण र उत्पीडनमा पारेकाले उनीहरूका सँगसँगै प्रतिरोधको चेतना पनि जागृत भएर प्रतिरोध गरेको निष्कर्ष निकालिएको छ।*

***मुख्य शब्दावली*** *: प्रतिरोध, प्रभुत्व, वर्चस्व, सत्ता, अधिकार।*

## विषयपरिचय

*अनिदो पहाडसँगै* उपन्यासका रचनाकार पारिजात (१९९४-२०५०) हुन् । उनका *शिरीषको फूल* (२०२२),*महत्ताहीन* (२०२५), *बैंसको मान्छे* (२०२९), *तोरीबारी, बाटा र सपनाहरू* (२०२३), *अर्न्तमुखी* (२०२५), *बैंसको मान्छे* (२०२९), *तोरीबारी बाटा र सपनाहरू* (२०३३), *अन्तर्मुखी* (२०३५), *उसले रोजेको रोजेको बाटो* (२०३५), *पर्खालभित्र र बाहिर* (२०३५), *अनिदो पहाडसँगै* (२०३९), *परिभाषित आँखाहरू* (२०४६), र *बोनी* (२०४८) उपन्यास प्रकाशित छन् । *अनिदो पहाडसँगै* पारिजातको लेखनको उत्तरार्ध चरणको सशक्त उपन्यास हो। पञ्चायतकालीन राजनैतिक तथा सामाजिक पृष्ठभूमिमा रचित यस उपन्यासमा जनताहरूमाथि सामन्ती सत्ताले दमन र थिचोमिचो गरिरहेको सन्दर्भमा उपन्यासका पात्रहरूले सामन्तवादी पितृसत्ता र केन्द्रीय सत्ताको वर्चस्व, अन्याय र अत्याचारका विरूद्धमा केकसरी प्रतिरोध गरेका छन् भन्ने प्राज्ञिक जिज्ञासा सिर्जना भएको छ। यस आलेखमा यसै जिज्ञासालाई शमन गयो जिज्ञासा शोधको समस्या अर्थात शोधको रिक्तता भएकाले यस आलेखमा पात्रहरूले लैङ्गिक वर्चस्व र शासकीय अन्याय र अत्याचारप्रति गरेको वर्गीय प्रतिरोधको अवस्था अध्ययन गरिएको छ। वर्चस्वसम्बन्धी मान्यता इटालीका मार्क्सवादी विद्वान् एन्टोनियो ग्राम्सीद्वारा प्रतिपादन गरिएको हो । ग्राम्सीका मान्यताअनुसार समाजमा राजनीतिको मूलधार हुन्छ र सत्तापक्ष हुन्छ। त्यसले समाजमा आफ्नो राजनीतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक प्रभुत्वशाली संस्कृतिले अधीनस्थ संस्कृतिमाथि प्रभुत्व कायम गर्दछ र अन्याय र अत्याचार गर्दछ।

❋ लेखक स्वतन्त्र अनुसन्धानकर्ता हुन् ।

त्यसैगरी प्रस्तुत अध्ययनका लागि फुकोको प्रतिरोधको मान्यताको उपयोग गरिएको छ । प्रतिरोधको मान्यताअनुसार समाजमा सत्ताको वर्चस्वलाई उदीयमान समुदायले आफ्नो पहिचानको निर्माणका लागि प्रतिरोध गर्दछ। प्रस्तुत अध्ययन ‘अनिदो पहाडसँगै’ उपन्यासमा शासकीय वर्चस्वका विरुद्ध जनजातीय प्रतिरोधको चेतना के कस्तो छ भन्ने प्राज्ञिक प्रश्नमा आधारित रहेको छ र यही प्राज्ञिक प्रश्नको प्राज्ञिक समाधान गर्नु नै यस लेखको प्रमुख उद्धेश्य रहेको छ। प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । पारिजातको ‘अनिदो पहाडसँगै’ उपन्यास र यसमा प्रयुक्त पात्र, घटना, परिवेशलाई प्राथमिक स्रोतसामग्रीका रूपमा लिइएको छ। यसरी लिइएको सामग्रीबाट प्राप्त तथ्यहरूको विश्लेषण र मूल्याङ्कनका गरी निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। प्रस्तुत अध्ययन गुणात्मक पद्धतिमा आधारित भएकाले सङ्कलित सामग्रीको विश्लेषणका लागि पाठात्मक विश्लेषण विधिको उपयोग गरिएको छ । त्यस विश्लेषणका लागि ग्राम्सीको वर्चस्व र फुकोको प्रतिरोधसम्बन्धी अवधारणालाई सैद्धान्तिक पर्याधारका रूपमा लिई निगमन विधिद्वारा सामग्रीको अर्थापन गरिएको छ।

### सैद्धान्तिक पर्याधार

सांस्कृतिक अध्ययनमा वर्चस्व अर्थात् प्रभुत्वको अवधारणा महत्त्वपूर्ण मानिन्छ। राजनीतिक र प्रयोगका सन्दर्भमा प्रभुत्व नयाँ शब्द हो। ग्रिक हेजेमोनबाट व्युत्पत्ति भएको यस शब्दको अर्थ नेता, निर्देशक वा शासक भन्ने हुन्छ। प्रभुत्व शब्दलाई बीसौँ शताब्दका मार्क्सवादी चिन्तक आन्तोनियो ग्राम्चीले प्रयोगमा ल्याएका हुन्। उनले समकालीन पुँजीवादी समाजमा शासक वर्गले कसरी आफ्नो नियन्त्रण राख्दछ भन्ने कुराको वर्णन गर्ने क्रममा हेजेमोनीको प्रयोग गरेका हुन् (भट्टराई, २०७७, पृ. ३४४)। यसअनुसार शासक वर्गले निम्नवर्गमाथि नियन्त्रण गर्दछ। विचार र सांस्कृतिक प्रक्रियाका माध्यमबाट शासकले शासन गर्दछ। जनजातिहरूमाथि पनि शासक वर्गले वर्चस्व कायम गर्दछ। तर शासकीय वर्गको वर्चस्वप्रति सङ्घर्ष र प्रतिरोध गरेको यथार्थ साहित्यमा पाइन्छ। प्रभुत्वले विचारधारामार्फत् आफू अनुकूल संस्कार र चेतना निर्माणको त्यस्तो अवस्थालाई जनाउँदछ जहाँ मानिसमा आलोचनात्मक चेतना समाप्त हुन्छ र उसले आफूमाथिको उत्पीडन र राज्य एवं शासनप्रणालीको दमनात्मक रूपलाई वैधता प्रदान गर्दछ (गिरी, २०७७, पृ. ३०)। यसअनुसार वर्चस्वले मानिसहरूको आलोचनात्मक चेतना समाप्त गरेर शासन गर्दछ।

सांस्कृतिक अध्ययनमा प्रतिरोधको अवधारणा पनि महत्त्वपूर्ण मानिन्छ। वर्षौँदेखि दमित हुँदै आएकाले लिङ्ग र जातजातिसँग सम्बन्धित साहित्यमा प्रतिरोधको चेतना उठान गरेको पाइन्छ। फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखापर्दछ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ। त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेरिनुपर्दछ (उप्रेती, २०६३ पृ.४१)। फुकोले प्रतिरोधको चेतनालाई शक्तिको अभ्याससँग जोडेर हेरेका छन्। शक्ति अभ्यासकै कारण सांस्कृतिक समुदायको निर्माण हुने र वर्चस्वशाली सांस्कृतिक समुदायमाथि अधीनस्थ सांस्कृतिक समुदायले प्रतिरोध गर्ने विचार फुकोको विचारमा प्रस्तुत भएको पाइन्छ। घनश्याम ढकाल (२०६७) का अनुसार सत्ताले व्यक्तित्वको निर्माण गर्दछ र व्यक्ति सत्ताको माध्यम हो। सत्ता भएको ठाउँमा नै प्रतिरोध हुन्छ र प्रतिरोधबिना सत्ताको अस्तित्व हुँदैन। सत्ता प्रतिरोध सङ्गठित गर्ने कुनै प्रस्थान बिन्दु छैन। प्रतिरोध बहुल, स्थानिक र क्षणिक किसिमको हुन्छ (पृ.१९८)। यसअनुसार प्रतिरोधको सिर्जना सत्ताकै शक्तिको अभ्यास र व्यवहारले गर्दछ।

यसरी उपर्युक्त सैद्वान्तिक विमर्शबाट सहयोग लिई प्रस्तुत लेखमा अनिदो पहाडसँगै उपन्यासमा प्रयुक्त प्रतिरोधको चेतनाको अध्ययनको लागि लैङ्गिक प्रतिरोध र वर्गीय प्रतिरोध गरी दुईओटा आधारसहितको सैद्वान्तिक ढाँचामा आधारित भएर अनिदो पहाडसँगै उपन्यासमा प्रयुक्त प्रतिरोधको चेतनाको विश्लेषण र मूल्याङ्कन गरिएको छ।

## लैङ्गिक प्रतिरोध

नेपाली समाज मूलतः पितृसत्तात्मक संरचनाको व्यवस्थाबाट सञ्चालित रहेको छ । पितृसत्तात्मक समाजमा पुरुषहरूको वर्चस्वका कारण नारीहरू पीडित र प्रताडित हुन पुगेको देखिन्छ। समाजमा सांस्कृतिक रूपबाटै महिलाहरूमाथि दमन, अन्याय र अत्याचार गरिँदै आएको पाइन्छ । यस्तो अवस्थामा नारीहरूले आफ्ना हक-अधिकारका लागि प्रतिरोध गर्दछन् । *अनिदो पहाड*सँगै उपन्यासमा गोरीमाया, साहेबनी र सुवानीमार्फत लैङ्गिक प्रतिरोधलाई अभिव्यक्त गरिएको छ। गरिब गोरीमायालाई पैसाको बलमा कृष्णे कार्कीले बोलाहासँग बिहे गराइदिए पछि लोग्नेको आक्रमणबाट आजित भएर माइत फर्किन्छे। आफ्नी सानीमाका छोरा साइँला दाइले पुलिसका हाकिम साहेबकहाँ काममा लगाइदिन्छ। गोरीमायाले त्यहाँ साहेबनीलाई आफ्नो दुःख सुनाएपछि साहेबनीले नारीमाथि हुने अन्यायप्रति यसरी प्रतिरोध गर्नुपर्ने अभिव्यक्ति दिँदै भन्छे : “अर्काकी चेलीबेटीलाई पात पत्कर सम्झने त्यो बदमास जालीलाई त्यति नै खेर पुलिसमा बुझाइदिन सकिनस्, ढुङ्गाले हिर्काएर खप्पर फोरिदिन सकिनस् ?” (पृ.३३) । पितृसत्तात्मक सामाजिक संरचनाका कारण नारीहरूले चर्को विभेद, अन्याय र अत्याचार सहनुपर्ने हुन्छ। नारीहरूलाई केवल उपभोग्य वस्तु मात्र ठान्दछ। अझ निम्नवर्गीय नारीहरूले कठोर पीडा सहेर बाँच्न विवश हुन्छन्। गोरीमायाको दारुण जीवन भोगाइ सुनेपछि साहेबनीमा कृष्णे कार्कीजस्ता बदमास जालीप्रति तीव्र आक्रोश उत्पन्न भएको छ। उच्चवर्गका सामन्तहरूले निम्न वर्गका नारीहरूलाई पत्कर समान सम्झिएकोमा साहेबनीले भौतिक प्रतिरोध किन नगरेको भनी गोरीमायालाई रोष प्रकट गर्न पुग्छे। एउटी नारीमाथि भएको अन्याय सुनेर साहेबनी भलै उच्चवर्गको परिवारकै भए पनि आक्रोशित हुन्छे। यस्तो आक्रोश प्रतिरोधको चेतनाकै कारण उत्पन्न भएको हो जुन लैङ्गिक प्रतिरोधका रूपमा अभिव्यक्त भएको छ। जीवनमा जाली फटाहाहरूको षड्यन्त्रमा परेपछि र साहेबनीकै प्रतिरोधको चेतनासँग संसर्ग पाएपछि निरीह गोरीमायामा पनि प्रतिरोधको चेतना जागृत भएको छ। दशैँमा शहरबाट गाउँ फर्किएर दशैँ मनाउने छेकोमा गाउँमा घुम्न निस्केकी गोरीमायालाई प्रधानपञ्चले गोरीमायालाई भेटेपछि व्ययङ्ग्य गरेपछि गोरीमायाले पनि व्यङ्ग्य गर्दै भन्छे, “सबै मान्छे राक्षस हुँदा रहेनछन् सतासी बाजे (पृ. ३५)। ” तत्कालीन पञ्चायती शासनमा प्रधानपञ्चमाथि ठाडै व्यङ्ग्य कसेर गोरीमायाले व्यङ्ग्य गरेकी छे। गाउँमा बसेर गाउँले सारामाथि शोषण गर्ने सामन्ती प्रधानपञ्चलाई राक्षसको संज्ञा दिनु सशक्त प्रतिरोध हो । तत्कालीन शासनकालमा प्रधानपञ्चहरू गाउँका शक्तिशाली मानिन्थे तापनि यस उपन्यासमा एउटी निम्नवर्गीय गोरीमायाले प्रतिरोध गरेकी छे। आफूमाथिको व्यङ्ग्य र कुदृष्टि देखेर गोरीमायाले अझ थप प्रतिरोध गर्दै भन्छे, “ गरीबकी छोरी काम गर्दै ठीक्क, फेरि सतासी बाजेको जस्तो घरमा दुइटीले नपुगेर झड्केली छोरीलाई सोध्दा स्वास्नी राख्ने चलन त्यहाँ रहेनछ (पृ.३५) ।” गोरीमायाको यस कथनमा सतासी बाजेप्रति सशक्त प्रतिरोधको अभिव्यक्ति प्रस्तुत भएको छ। आफू गरिबकी छोरी भएकीले श्रमका लागि खट्ने गरेको बताउँदै सतासी बाजेले बहुविवाह गरेर पनि झड्केली छोरीमाथि पनि शोषण गर्ने गरेको भन्दै प्रतिरोध गर्छे। एकातिर अर्काकी चेलीमाथि अनेक आरोप लगाएर व्यङ्ग्य कस्ने र अर्कातिर आफू बहुविवाह गरेर नारीहरूमाथि शोषण गरेकामा गोरीमायालाई सतासी बाजेको प्रवृत्ति सह्य हुँदैन । उसको यस अभिव्यक्तिमा लैङ्गिक, वर्गीय र सांस्कृतिक प्रतिरोध एकै पटकमा अभिव्यक्त भएको छ। यसै गरी गाउँमा डुल्दै

गरेकी गोरीमायालाई सतासी बाजेले हेप्ने, कुदृष्टि लगाउने र दुर्वचन प्रयोग गरपछि घरमा आएर बुढा बुबालाई सतासी बाजेको कर्तुत सुनाउँछे र आफूसँगै शहरमा जान भन्छे। बुढा बुबाले आफू गाउँमै मर्ने बताए पछि गोरीमाया भावुक हुँदै भक्कानिन्छे, “मेरो तागतले भ्याए त सतासी बाजे र कृष्णे कार्कीलाई नङले कोपरी–कोपरी मासुको चोक्टा झिक्तै मार्ने थिएँ, यिनीहरूको पनि दशा कसो नआउला आबा (पृ. ३८)।” गोरीमायामा सामन्ती प्रधानपञ्च सतासी बाजेप्रति तीव्र आक्रोश जाग्छ। आफूले सक्ने भए त सतासी बाजे र कृष्णे कार्कीलाई कोपरेर मासुको चोक्टा झिक्तै मार्ने कुरा बताउँछे। कुनै दिन यिनीहरूको पनि दुर्दिन आउने भन्दै गोरीमाया आक्रोशित हुँदै रुन्छे। गरिब र नारी भएकैले गाउँका सामन्त र बदमासहरूले हेप्ने, होच्याउने र व्यङ्ग्य गरेपछि गोरीमायामा प्रतिरोधको चेतना सशक्त हुँदै आएको देखिन्छ।

*अनिदो पहाड*सँगै उपन्यासमा अझ अर्को नारी पात्र सुवानीका माध्यमबाट प्रतिरोधको चेतना सशक्त रूपमा अभिव्यक्त गरिएको छ। उपन्यासमा सुवानीको कथा युवतीको कथाबाट सुरु भएको छ। शिक्षित र आधुनिक वेषभूषाले सुज्जित सुवानी काठमाडौँ क्षेत्रपाटीको गल्ली हुँदै यात्रा गर्ने क्रममा युवाहरूको समूहबाट गाली, बेइज्जतीमा पर्छे। उसले युवकहरूको त्यस्तो अश्लील गाली र बेइज्जतीलाई प्रतिरोध गरेको प्रसङ्ग यसरी यसरी चित्रण गरिएको छ :

> युवतीले सोची, यो कस्तो वातावरण हो, यी कस्ता मान्छे हुन्। त्यसपछि उसले मान्छे चिन्न सक्ने अवस्थामा थिइन, सरासर गएर जमातको अघि उभिई र एकजना गालामा त्यही नोटबुकले जम्माएर हिर्काई। युवती बलियी थिई , त्यसैले कुनै प्रतिघातको अपेक्षा नगरेर निर्धक्क उभिएको युवक असन्तुलित हुँदै छेउको पसलमा राखिएको मट्टितेलको टिनमा लड्न पुग्यो। अट्टहास र तालीले बाटो नै थर्कियो। एउटा तेस्रो दर्जाको रमिताको सृजना भइसकेको थियो। यस सारा दृश्यलाई देखिइरहने दुइटी महिलाहरूमध्ये एउटीले मार्क गरी, ‘आजभोलि ठिटीहरू पनि उस्तै भएर हिँड्छन् त के लाग्छ।’(पृ.४०)

प्रस्तुत दृष्टांशमा लैङ्गिक प्रतिरोधको चित्रण गरिएको छ। क्षेत्रपाटीको गल्ली हुँदै यात्रा गर्दै गरेकी युवती सुवानीले आफूमाथि युवाहरूले गरेको अश्लील गाली र बेइज्जतीका विरुद्ध हातपात नै गरेर भौतिक रूपमै प्रतिरोध गरेकी छे। एउटी युवतीलाई देखेर हेप्ने र मुखभरि जे आयो त्यही शब्दमा अश्लील गाली गर्ने युवकलाई नोटबुकले हिर्काएर लडाउँछे। यो दृश्य हेरिरहेका अरू महिलाहरूले भने युवतीलाई साथ दिनुको सट्टा आजकालका ठिटीहरू पनि उस्तै भएर हिँड्छन् भन्दै उल्टै युवतीलाई दोषारोपण गर्छन्। वास्तवमा महिलाहरूले यस्तो अभिव्यक्ति दिनुमा सामाजिक संरचना दोषी छ अर्थात् पितृसत्तत्मक सामाजिक संरचनाका कारण पुरुषहरूको कमजोरी भए पनि त्यसको दोष महिलामाथि लगाइन्छ। महिलाहरूमा त्यस्तो सोच आउनु र अभिव्यक्ति दिनुमा पितृसत्ता कारणका रूपमा आएको देखिन्छ। जे होस्, सुवानीले आफूलाई हेप्ने युवाहरूलाई प्रतिरोध गरेको देखाएर उपन्यासमा लैङ्गिक प्रतिरोधलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ। यसै गरी उपन्यासमा युवाहरूको गाली र बेइज्जतीबाट अपमानित ठानेकी सुवानीले कोठामा जाने गल्लीबाट नहिँड्ने बताएर आफ्ना लागि बन्दोबस्त मिलाउन एम.आर.कहाँ पुगेपछि एम. आर.ले उसलाई समाजका खराब प्रवृत्तिका विरुद्ध प्रतिरोध गर्नुपर्ने सम्झाउँदै भन्छ, “खराब मान्छेहरूको विरूद्ध लड्नु पनि बेइज्जती हुनु हो ? यति पनि सामना गर्नसक्नु भएन भने यस्तो जटिल संसारलाई कसरी सामना गर्नुहुन्छ ? के यत्तिकै निर्धो र अज्ञान जीवन बाँच्नु राम्रो हुन्छ ?”(पृ.४४) यसरी एम.आर. को अभिव्यक्तिमा पनि लैङ्गिक प्रतिरोधको चेतना अभिव्यक्त भएको छ। केही खराब युवाहरूको एउटा समूहले नराम्रो गऱ्यो भन्दैमा भाग्न नहुने भन्दै सुवानीलाई सम्झाउँछ।

यो समाज र संसारमा नारीहरूले निर्धो भएर बाँच्न नहुने विचार एम.आर.को छ। एउटा घटनाबाट डराएर बसेमा झन् कमजोर भएर बस्नुपर्ने विचार एम.आर.को छ। उसले सिवानीलाई नारीहरूले ठुलाठुला समस्यासँग लड्नुपर्ने यथार्थतर्फ इङ्गित गर्दै प्रतिरोधको चेतना सम्प्रेषण गर्छ।

यसरी *अनिदो पहाडसँगै* उपन्यासमा सामन्ती सत्ता र पितृसत्ताबाट पिल्सिएका प्रतिनिधि पात्रका रूपमा गोरीमाया र सुवानीलाई प्रस्तुत गरिएको छ। निम्नवर्गीय गोरीमाया लैङ्गिक र वर्गीय दुवै खाले उत्पीडनमा परेकी छे। निम्नवर्गीय अशिक्षित बाबुकी अशिक्षित छोरी गोरीमायाले कृष्णे कार्की र सामन्त प्रधानपञ्चले गोरीमायामाथि लैङ्गिक हिंसा गरेका छन्। निम्नवर्गीय र अशिक्षित भए पनि गोरीमायाले प्रतिरोध गरेकी छ। उसमा प्रतिरोधको चेतना जागृत हुनुमा साहेबनी र सुवानीको ठुलो भूमिका रहेको छ। यसैगरी शिक्षित भए पनि सुवानी समेत लैङ्गिक हिंसामा परेकी छ। बाटामा हिँड्दै गरेकी सुवानीले आफूलाई जिस्काउने र अपशब्द बोल्ने युवाहरूको समूहमाथि प्रतिवाद गरेकी छे। यति मात्र होइन ऊ त बलात्कृत समेत भएकी छ।

## वर्गीय प्रतिरोध

नेपाली समाज वर्गीय विविधतामा आधारित छ। आर्थिक, जातीय, सांस्कृतिक, लैङ्गिक हिसाबले वर्गमा विभक्त समाजमा उच्च वर्गले निम्नवर्ग, शासकले शासित वर्ग र पीडकले पीडित वर्गमाथि दमनात्मक व्यवहार गर्दछ। यस्तो अवस्थामा शासित एवम् उत्पीडित वर्गले आफ्नो अस्तित्व र पहिचानका लागि अस्वीकार वा प्रतिरोध गर्दछ। *अनिदो पहाडसँगै* उपन्यासका पात्रहरूले शासक वर्गले शासितहरूमाथि गरिएको अन्याय, अत्याचार र दमनका विरुद्ध प्रतिरोध गरेका छन् त्यसैले यस उपन्यासमा वर्गीय प्रतिरोधको अवस्थालाई अध्ययन गरिएको छ। यस उपन्यासमा लालबहादुर आफ्ना वर्गीय हिसाबले शासक वर्गमा पर्ने पुलिसको अधिकृतको छोरा हो तर उसले शासित वर्गको पक्षमा वकालत गर्दै उसमा प्रतिरोधको चेतना यसरी जागृत भएको छ :

> अब लालबहादुर विश्वास गर्छ, समाजको भ्रष्टता र बदमासीको विरूद्ध जसको छोरालाई पनि लड्ने अधिकार छ र सक्छ पनि। पुलिसको छोरा भएँ भन्दैमा म के समाज र जीवनको सही ज्ञानदेखि वञ्चित बसूँ ? यस्तो जवाफ उसले आले साहेबलाई दिएको थियो तर मनभित्र। (पृ.३०)

प्रस्तुत साक्ष्यमा शासक वर्गप्रति लालबहादुरको प्रतिरोध व्यक्त भएको छ। पुलिसको छोरा भएर पनि उसले शासक वर्ग नभई उत्पीडित वर्गको पक्षधरता लिएको छ त्यसकारण यहाँ वर्गीय प्रतिरोधको चेतना अभिव्यक्त भएको छ। लालबहादुर शासित वर्गको पक्षमा दृढ भएर उभिएको छ। समाजमा जसले जे भने पनि ऊ विद्यार्थी आन्दोलनमा लागेर उसले तत्कालीन शासकवर्ग र व्यवस्थाको तीव्र विरोध गरेको छ। २०३२ को विद्यार्थी आन्दोलनमा ऊ जेलमा समेत परेको छ। जेलबाट छुटेपछि पुलिस अधिकृत बुवाले सम्झाउँदै पुलिसको छोरालाई आन्दोलनमा लाग्ने अधिकार नभएको भनी सम्झाउँदा पनि उसमा मनमनै प्रतिरोधको भावना जागेको प्रसङ्गमा माथिको भनाइ प्रस्तुत भएको हो। उसले आफ्ना बुवालाई एउटा भ्रष्ट र बदमास पुलिस अफिसर देख्छ र समाजको भ्रष्टता र बदमासीको विरूद्ध जसको छोरालाई पनि लड्ने अधिकार भएको सम्झँदै प्रतिरोधमा उत्रन्छ। लालबहादुर वर्गप्रति सचेत छ। के शासक वर्ग ? को शासित वर्ग ? शासक वर्गले शासित वर्गमाथि के गरिरहेको छ ? यी यावत् प्रश्नहरूप्रति ऊ सचेत भएकैले उसले पुलिसको छोरा भएर पनि शासनसत्ताप्रति विद्रोहमा उत्रिएको छ। यहाँ ऊ जनताको न्याय र स्वतन्त्रताका लागि लड्नुपर्छ भन्ने नवीन र परिवर्तनगामी चेतना बोकेको

सचेत युवाको रूपमा प्रस्तुत भएको छ। यसै गरी विद्यार्थी राजनीतिमै लागेर लालबहादुरहरूसँगै काँधमा काँध हालेर सुवानी शासकवर्गका विरूद्ध प्रतिरोधमा उत्रिएकी छे। जनताको स्वतन्त्रता र प्रजातन्त्रको स्थापनाका लागि ऊ आन्दोलनमा होमिएकी छे। राजधानीका विभिन्न क्याम्पसमा गई सत्ताका विरूद्ध क्रान्तिचेतना जगाउन ऊ उत्साहित छे। सुवानीमार्फत वर्गीय प्रतिरोधको अभिव्यक्ति दिँदै भन्छे : "साथी हो, हाम्रा जायज मागहरूलाई यस सरकारले अवहेलना गरिरहेको छ, हाम्रा मौलिक अधिकारहरू हनन भएका छन् तर संघर्षको बाटोबाट हामी विचलित हुनुहुँदैन। हाम्रो एकता कायम रहनुपर्छ, हाम्रा सङ्घर्षशील कदमहरू पछि हट्नसक्दैनन् (पृ.८०)। "

यस साक्ष्यमा तत्कालीन सत्ताले जनताका अधिकार कुण्ठित पारिरहेको अवस्थालाई प्रस्तुत गर्दै प्रतिरोध गर्नुपर्ने विचार अभिव्यक्त भएको छ। पञ्चायतकालीन अवस्था भएको हुनाले शासनसत्ताले जनताका धेरै अधिकारहरू कुण्ठित पारिरहेको अवस्था थियो। यस्तो अवस्थामा सचेत विद्यार्थी तथा राजनीतिकर्मीहरूले विभिन्न मागहरू राखी आन्दोलन गर्दै आएका थिए। त्यसै समयमा एउटा क्याम्पसको सभामा आफ्ना मागहरूलाई र मौलिक अधिकारहरूलाई सरकारले अवहेलना गरेकाले सरकारप्रति अविचलित भई निरन्तर सङ्घर्ष गर्नुपर्ने विचार राख्छे। यसरी सुवानीमार्फत प्रस्तुत साक्ष्यमा वर्गीय प्रतिरोधको विचार प्रस्तुत भएको छ। यस उपन्यासका अर्को पात्र एम.आर.मार्फत पनि प्रतिरोधको अभिव्यक्ति प्रस्तुत भएको छ। उपन्यासमा सत्ताका विरूद्ध निरन्तर सङ्घर्ष गर्दै आएका विद्यार्थीहरूमाथि अस्कल क्याम्पसमा रक्तपातपूर्ण दमन भएपछि एम.आर.ले विद्यार्थी नेताहरूलाई आक्रोशित हुँदै भन्छ : "हो सङ्घर्षलाई अघि बढाउनै पर्छ। सङ्घर्ष रोकिएको त कुरै छाडौँ, शिथिल भएकोसम्म पनि जनता सहन तयार छैन। जनता सङ्घर्षतिर उन्मुख छ" (पृ.८९)।

यस साक्ष्यमा प्रतिरोधका साथसाथै जनताको मनोविज्ञानलाई एम.आर.ले खुलस्त पारेको छ। उसले शासकहरू विरूद्धको सङ्घर्ष निरन्तर बढाउनुपर्ने र जनतामा पनि यही भावना टड्कारो रूपमा विकास भइसकेको कुरा प्रस्तुत गर्दै विद्यार्थीहरूमा आत्मविश्वास प्रदान गर्दछ। यसै गरी नयाँ सडकको तोडफोड काण्डमा जेल परी यातना पाएर मुक्त भएका प्रदीपले सत्ताप्रति रोष प्रकट एम.आर.लाई भन्छ :

> यी फासिष्टहरूले कसो मारेनन् गुरु। स्वस्थ हुन त अझ समय लाग्छ जस्तो छ। ढाड त अझ पनि दुख्दैछ, दायाँ कोखामा बेलाबेला घोच्छ, एकपटक राम्रैसँग जचाउँनुपर्ने भएको छ। को हुन् तेरो उस्ताद, कहाँ छन् ल भन मोरा भन्दै हिर्काएका छन्। कतिपल्ट बेहोश हुँदै ब्युँझदै भई रहेँ म त। यी फासिष्टहरूले क्रान्तिकारीहरूलाई चिनकै छैन मर्छ तर झुक्दैन भन्ने यिनीहरूलाई थाहै छैन। हत्याराहरूसँग एक एक प्रहारको बदला नलिई त के मरुँला गुरु। यिनीहरूलाई पनि जनताले नाङ्गेझार पारेर गोली ठोक्नेछन्। यिनीहरूले आफूहरू सधैँभरि सत्तामा भइरहने सपना देखेका छन् (पृ.१३०)।

माथिको साक्ष्यमा तत्कालीन सत्ताको चरित्रलाई उदाङ्गो पारेको छ। सत्ताको विरोध गर्नेलाई कडा यातना दिइन्थ्यो। सत्ताका विरोधीहरूलाई छातीमा गोली पड्काउन र फाँसी दिनसमेत पछि पर्दैनथे। यातना दिनु त शासकहरूका लागि सामान्य जस्तै थियो। यस्तै यातनाको भागी प्रदीप भएको छ। उसले नयाँ सडकको तोडफोड काण्डमा जेल परेर प्रहरीको कडा यातना बेहोरेको छ। शरीर थिलथिलो हुने गरी यातना पाएका ऊ बिरामी भएको छ। ऊ त्यस अवस्थामा पनि सत्ताको विरोध गर्दछ। जेलमा प्रहरीको यातनाबाट धेरै पटक बेहोश हुँदै ब्युझँदै गरेको सुनाउँछ। प्रहरीहरूलाई उसले फासिस्टको संज्ञा दिन्छ। उसले क्रान्तिकारीहरू मर्न पछि नपर्ने तर नझुक्ने अभिव्यक्ति दिन्छ। एक दिन बदला लिएरै छाड्ने भन्दै उसले आक्रोश व्यक्त गर्छ। फासिस्टहरूलाई जनताहरूले नाङ्गेझार

पार्दै गोली हान्नेसम्मको अभिव्यक्ति दिन्छ । उसले यी फासिस्ट पापीहरू सधैँ नहुने भन्दै एक दिन बदला लिने विचार व्यक्त गर्छ । शक्तिको उन्मादमा शासकवर्गले कसरी जनताहरूमाथि यातना दिन्छ भन्ने कुरा प्रदीपले सुनाएको माथिको साक्ष्यबाट छर्लङ्ग हुन्छ। यस्तो प्रतिरोधको चेतना अभिव्यक्त गरेपछि आएर प्रदीप आन्दोलनबाट विचलित भई पलायन भएको छ। जेहोस् सुरुमा सत्ताप्रति उसले कडा प्रतिरोध गरेको छ। यसै गरी यस उपन्यासकी पात्र गोरीमायाले सुवानीसँग कुराकानीका क्रममा आफूलाई सतासी बाजे र कृष्णे कार्कीले आफ्ना आमाबालाई फकाईफुलाई बोलाहासँग बिहे गराइदिएको सुनाउँछे । यसै प्रसङ्गमा सुवानीले सामन्तीसत्ताले गर्दा यस्तो भएको भन्दै वर्गीय प्रतिरोध अभिव्यक्त गर्दै भन्छे : “काटेर रगत पिउनुपर्छ गोरी बैनी यस्ताहरूको तर त्यस्ता जाली फटाहालाई पोस्ने यो अपराधी व्यवस्थालाई जनताले जरैदेखि नउखेले त के र ? यस्ताहरूलाई बदला लिने तरिका हुन्छ, एक्लै-एक्लै जुधेर हुँदैन, मिलेर जुध्नुपर्छ, समय आउँछ (पृ.१४२) ।” पञ्चायतकालीन परिवेशमा गाउँघरमा सामन्तहरूकै हालीमुहाली थियो । सामन्तहरूले आफ्नो स्वार्थ पूरा गर्नका लागि निम्नवर्गीय जनताहरूलाई प्रयोग गर्ने गर्दथे। नियम-कानुन सारा उनीहरूकै हातमा थियो। छोरी मान्छेका आमाबालाई समेत उनीहरूले भनेका ठाउँमा बिहे गराइदिनुपर्थ्यो । उनीहरूले सकेसम्म फकाउने र नभए अनावश्यक दबाब दिने र दुःख दिने काम गर्दथे। यस्तै फकाइमा परेर गोरीमायाको बिहे सतासी बाजे र कृष्णे कार्कीले बौलाहासँग गराइदिएर उसको जीवन बर्बाद पारिदिन्छन् । यस्तो कुरा सुनेर सुवानीमा शासन व्यवस्थाप्रति आक्रोश जाग्दछ। यस्ता जालीफटाहाहरूलाई काटेर रगत पिउँनसम्म पछि पर्न नहुने भन्दै सुवानीले शासकप्रति तीव्र रोष प्रकट गर्छे । पञ्चायती व्यवस्था भनेको जालीफटाहालाई पोस्ने व्यवस्था हो भन्दै उसले व्यवस्थाप्रति विरोध गर्छे । यस्तो व्यवस्थालाई जरैदेखि उखेलेर फ्याँक्नुपर्छ र त्यसका लागि सबै उत्पीडित जनताहरू एक भएर लाग्नुपर्ने विचार व्यक्त गर्छे । वर्गीय प्रतिरोधको विचार सशक्त रूपमा अभिव्यक्त भएको छ। यसै गरी २०३५/२०३६ को जनआन्दोलन साथसाथै विद्यार्थी तथा मजदुरहरूको आन्दोलन व्यापक रूपमा बढ्दै जान्छ । पाटन औद्योगिक क्षेत्रको मजदुरहरूको आन्दोलनलाई सम्बोधन गर्दै लालबहादुरले प्रतिरोधको चेतना सम्प्रेषण गर्दै भन्छ :

> आज देश भोक, शोक, रोग, महँगी, अभाव भ्रष्टाचार, व्यभिचार कालो बजार, तस्करी तथा गुण्डागर्दीले ग्रस्त छ। साठी प्रतिशत जनता गरीबीको रेखामुनि पिल्सिएर बाँचिरहेका छन्, जोसँग खान लाउनको न्यूनतम ग्यारेन्टी छैन । एकमुट्ठी शोषक सामन्त र तिनका तलुवा चाट्नेहरू देशमा बसेर विदेशी पाराको भोज, विलासपूर्ण जीवन बाँचिरहेका छन् । जनताले हाड घोटेर चुहाएको पसिना विदेशी ब्यांकहरूमा थुप्रिँदैछ । यस असक्त सरकारसँग जनता गाँस, बास, कपासको कुनै कार्यक्रम छैन। विकासको नाउँमा दुई चारजना पहुँच पुगेकाहरू मोटाएका छन्। जनताको सहने शक्तिको बाँध तोडिइसकेको छ। त्यसैले साथी हो । जनसङ्घर्ष आजको एक मात्र विकल्प हो, देशभरि सङ्घर्षको लहर दौडेको छ, हामी आफ्नो सङ्घर्षलाई अझ तीव्र पारौँ, हाम्रोअघि बढिसकेको कदम कुनै मूल्यमा पनि पछि हट्ने छैन। (पृ.१६५)

प्रस्तुत दृष्टांशमा देशमा व्याप्त बेथिति, कुरीति, जनताहरूको दयनीय स्थिति र शासकहरूको कुकृत्यलाई प्रस्तुत गरिएको छ । लालबहादुरले मजदुरहरूको सभालाई सम्बोधन गर्दै शासक र व्यवस्थाका विरूद्ध प्रतिरोध गर्नुपर्ने विचार व्यक्त गर्दछ। देश भोक, शोक, रोग, महँगी, अभाव, भ्रष्टाचार, व्यभिचार, कालोबजार, तस्करी तथा गुन्डागर्दीले ग्रसित हुँदा पनि राज्य सुधारतर्फ कति पनि नलागेकामा उसले रोष प्रकट गर्छ । जनताका आधारभूत आवश्यकताहरूप्रति सरकार अकर्मण्य छ तर मुठीभरका सामन्तहरू विलासपूर्ण जीवन बाँचिरहेका छन्

भन्ने उसको आरोप लगाउँछ । विकासका नाउँमा सीमित व्यक्तिहरूको मोटाएका छन् । जनताको धैर्यशक्ति टुटिसकेको छ । त्यसैले सङ्घर्ष नै परिवर्तनको एक मात्र विकल्प भएको भन्दै लालबहादुरले सम्पूर्ण मजदुरहरूलाई राज्यसत्ताका विरूद्ध सङ्घर्षमा होमिन आह्वान गर्छ । आफूहरू विद्यार्थीहरूको तर्फबाट सङ्घर्षमा निकै अगाडि बढेको भन्दै मजदुरहरूमा क्रान्तिचेतना भर्दछ । यसरी लालबहादुरले तत्कालीन निरङ्कुश शासनसत्ताका प्रहरीहरूको अगाडि ज्यानको बाजी थापेर आफू व्यवस्थाका विरूद्ध लाग्नु र अरूलाई पनि लाग्न आह्वान गर्दै सङ्घर्षमा होम्नु भनेको कडा प्रतिरोध हो । चुपचाप बसेर न त आफ्ना अधिकार पाइन्छ न त सम्मानले बाँच्न सकिन्छ त्यसैले आफ्नो अधिकार र सम्मानपूर्ण जीवन बाँच्नका लागि सत्ताविरूद्ध प्रतिरोध गर्नुपर्ने विचार माथिको दृष्टांशमा व्यक्त भएको छ । यसै क्रममा प्रहरीको अफिसरले प्रहरीहरूलाई लालबहादुरको भाषण रोक्न आदेश दिन्छ । अश्रु ग्याँस र हवाइ फायर चल्न थाल्छ तर पनि वक्ता प्रतिरोध गर्दै भन्छ : “साथी हो । बन्दुक हानेर कसैले सङ्घर्षको बत्ती निभाउन सक्तैन, चारजना मरेर सङ्घर्षको अन्त पनि हुँदैन । सङ्घर्ष आज देशको माग हो, त्यसैले हामी पछि हट्दैनौँ, हामी विचलित हुँदैनौँ । क्रान्ति अनिवार्य छ, यसैले कि परिवर्तन अनिवार्य छ (पृ. १६९) ।” सत्ता सधैँ दमनकारी हुन्छ । आफ्नो कर्तुत छोप्नका लागि उसले जनताका माग र अधिकारहरूको बेवास्ता गर्दै दमनको नीति अख्तियार गर्छ । जनताको जीवनप्रति निठुर सत्ता कहिल्यै जनताको पक्ष हुन सक्दैन । तर यस्ता दमनलाई देशका हिमायतीहरूले आफ्नो प्राणको बाजी थापेर पनि प्रतिरोध गर्छन् भन्ने कुरा माथिको दृष्टांशमा चित्रण गरिएको छ । प्रजातन्त्र र अधिकारका लागि लडिरहेका लालबहादुरले मजदुरहरूलाई सम्बोधन गर्दै भाषण गरिरहको बेला प्रहरीले हवाई फायर गर्छ तर ऊ कति पनि विचलित हुँदैन । उसले मजदुरहरूलाई विचलित नहुन आग्रह गर्छ । आफूहरू मर्न पनि तयार रहेको भन्दै प्रहरीको हवाई फायरको समेत बेवास्ता गर्दै निरन्तर सत्ताविरूद्ध प्रतिरोधपूर्ण भाषण गरिरन्छ । क्रान्ति अनिवार्य भएकाले परिवर्तन अनिवार्य छ भन्दै उसले सभामा प्रहरीहरूको दमनलाई प्रतिरोध गर्दै मजदुरहरूमा क्रान्तिचेतना र आशावादी विचार सम्प्रेषण गर्दछ ।

जनताको जीवनस्तर शासन व्यवस्थामा निर्भर हुन्छ । शासन व्यवस्था जनपक्षीय भएमा जनताको जीवनस्तर सहज र सुविधायुक्त हुन्छ तर जुन देशमा शासन व्यवस्था जनतामारा र शोषणयुक्त हुन्छ त्यस देशमा दिनरात पसिना बहाए पनि जनताको जीवनस्तर कहिल्यै माथि उठ्न सक्दैन । संसारमा कति देशहरू यस्ता पनि छन् जहाँ जनताको पसिनाको कदर हुन्छ । जनताका छोराछोरीले पनि उत्तिकै सुखसुविधाहरू उपभोग गरिरहेका हुन्छन् तर तत्कालीन पञ्चायतकालीन नेपालको शासन व्यवस्थाले जनतामाथि शोषण गरिरहेको थियो । यस्तो शोषणका विरूद्धमा लालबहादुर र सुवानीजस्ता विद्यार्थीहरूले सङ्घर्ष गरिरहेका थिए । लालबहादुरलाई प्रहरीले गोली हानेर मार्छ । काठमाडौँ उपत्यकाको अवस्था प्रतिकूल बन्दै गएको अवस्थामा सुमती भूमिगत भएर तराई क्षेत्रमा जान्छे । ऊ सुवानीको सट्टा सुमतीले चिनिन थाल्छे । तराईका विभिन्न गाउँमा उसले राज्य सत्ताका विरूद्धमा जनतारूलाई सुसूचित गराउँदै हिँड्छे । जनताहरूका घरदैलोमा टेक्दै शासकहरूको कर्तुतले जनताको अवस्था उँभो नलागेकाले अवस्थामा शासनसत्ताका विरूद्ध प्रतिरोध गर्नुपर्ने विचार सुमतीले व्यक्त गर्दा वर्गीय प्रतिरोधको विचार यसरी अभिव्यक्त भएको छ :

> ती देशहरूमा ज्यामी किसानका छोराछोरीहरू न्यानो लुगा लगाएर स्कुल पढ्न जान्छन्, पेटभरि खाएर खेल्छन् । ती देशहरूमा जनताको सरकारले ज्यामी किसानहरूको घरघरमा मासु खायो खाएन, दूध खायो खाएन भनी बुझ्न आउँछन् । यहाँ आधा पेट खान लेऊ भन्दै माग्न आउला भनी सरकारले गरीबहरूको मुखमा डन्डा तेर्साएर राखेका छन् । ल भन्नुहोस् दिद बहिनीहरू, हामी त धनी शोषकहरूलाई आफ्नो रगत चुसाएर किन पाल्ने ? हामीले कमाएको पैसा

> हामीले हाम्रो हक र हितको निम्ति हामीले लड्नै पर्छ । मागेर केही पनि दिँदैनन् यिनीहरूले (पृ. २००) ।

प्रस्तुत दृष्टांशमा विश्वका देशहरूसँग नेपालको तुलना गर्दै नेपालमा शासक र जनताबीचको वर्गीय विभेद र वर्गीयताको खाडललाई प्रस्तुत गर्दै वर्गीय प्रतिरोधको विचार व्यक्त गरिएको छ । विश्वका कतिपय मुलुकमा निम्नवर्गीय किसानका छोराछोरीहरूलाई समेत विभेद नरहेको तर नेपालमा भने शासन व्यवस्थाका कारण निम्नवर्गीय किसान तथा ज्यामीहरूका छोराछोरीलाई शासनसत्ताले नै विभेद गर्ने गरेको तीतो यथार्थलाई प्रस्तुत गरिएको छ । पञ्चायतकालीन शासनसत्तासँग लड्दै गरेकी सुवानी अर्थात् सुमतीले साथीहरूको सल्लाहअनुसार तराई क्षेत्रमा चेतना जगाउने कार्यक्षेत्र पाएपछि उसले तराई क्षेत्रमा गई वर्गीय चेतना सम्प्रेषण गर्छे । उसले विश्वका धेरै अरू देशहरूको उदाहरण दिँदै नेपालको शासकहरू गरिबमारा रहेको बताउँछे । विदशी मुलुकहरूमा किसानका छोराछोरीहरूलाई पनि सरोकारले उनीहरूले खाए खाएनन् भनेर हेर्न आउँछन् तर नेपालका शासकहरू खान माग्न आउँलान् भनेर गरिबहरूको मुखमा डन्डा तेर्साएर राखेको भनी उसले शासकहरूको कर्तुतलाई जनतासमक्ष छर्लङ्ग पार्छन् । यस्ता शोषक शासकरूलाई पाल्नुहुँदैन, हात पसारेर शासकहरूले केही दिँदैनन् त्यसैले जनताहरू आफ्ना अधिकारका लागि लड्नुपर्छ भन्दै उसले प्रतिरोधको चेतना सम्प्रेषण गर्दै हिँड्छे । यसरी तराई क्षेत्रमा वर्गीय प्रतिरोधको चेतना छर्दै हिँडेकी सुमती गाउँमा सि.आइ.डी आएको खबर पाएसँगै राति सुरक्षित स्थलतर्फ जान लाग्दा जङ्गलमा मिलिटरीले मारेर आगो लगाइदिन्छन् । जङ्गलमा सुमतीलाई मारेको थाहा पाएर सुन्तलीले आक्रोशित हुँदै गाउँलेहरूलाई सुमती मारेको प्रतिशोध लिनुपर्ने भन्दै सुनाउँछेः “पापीहरूले सुमतीलाई पनि मारे, कति मान्छे मार्छन्, यी पापीहरू लौन ए ! यिनीहरूलाई पनि मारिदेओ ”(पृ.२०७) । सुमतीलाई मारेकामा सुन्तली आक्रोशित भएकी छे । जुम्ल्याहा सन्तानकी आमा भए पनि राज्यसत्ताप्रति उसको तीव्र रोष प्रकट भएको छ । सत्ताका मिलीट्रीहरूलाई पनि त्यसै गरी मारेर बदला लिनुपर्ने भन्दै गाउँलेहरूसमक्ष आक्रोश पोख्छे । यसै गरी सुमतीलाई मारेकामा सुन्तली मात्र नभई सम्पूर्ण गाउँलेहरूमा चर्को प्रतिरोधको भावना जागृत भएको कुरा तलको साक्ष्यले पुष्टि गर्दछ :

> सबै गाउँलेहरूले एक-एक मुठी माटो-माटो उठाएर शरीरका अन्तिम थोपा रगत-रगत रहुन्ज्यालसम्म शोषकहरूसँग लड्ने कसम खाए । प्रकृति स्तब्ध थियो । तथापि गाउँहरूले एउटा सत्य कुरामा विश्वास गरिरहेका थिए कि फूल झरेको ठाउँमा फूलहरू उम्रन्छन् सुगन्ध जस्तै शहीदहरूको रगतको पनि एउटा विशेष प्रकारको सुगन्ध हुन्छ, जो छरिन्छ हावा भरिभरि । आखिर मान्छे नमरी, मान्छे नमारी क्रान्ति सम्पन्न हुँदैन । नयाँ समाजको निर्माण कुनै मृगतृष्णा होइन, जो भाग्नसक्छ मान्छेको इतिहासदेखि । त्यो त वास्तविकता हो, जो  मान्छेको हत्केलामा आउँछ । (पृ.२०७)

प्रस्तुत साक्ष्यमा सुमतीलाई मिलीट्रीहरूले हत्या गरेपछि सम्पूर्ण गाउँलेहरूमा प्रतिरोध र प्रतिशोधको भावना जागृत भएको यथार्थ चित्रण गरिएको छ । गाउँगाउँमा चेतना छर्ने र शोषितहरूको पक्षमा लाग्ने योद्धा सुमतीको हत्याले सबै गाउँले स्तब्ध हुन्छन् । सुमतीको हत्यापछि गाउँलेहरूले शासकहरू विरूद्ध शरीरमा रगतको अन्तिम थोपा रहुन्जेल लड्ने कसम खान्छन् । गाउँलेहरूले आखिरमा मान्छे नमरी र नमारी क्रान्ति सम्पन्न हुँदैन भन्ने क्रूर यथार्थलाई स्वीकार गर्दै क्रान्ति सम्पन्न गरी छाड्ने जुन प्रतिबद्धता व्यक्त गरेका छन् । सुवानीको

हत्यापछि गाउँलेहरूले नयाँ समाजको निर्माण कुनै भ्रम र कल्पना मात्र नरहेको र मान्छेले चाह्यो भने जस्तोसुकै कुरा पुरा गर्न सकेको इतिहासलाई प्रस्तुत गर्दै दृढ रूपमा प्रतिरोध गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ त्यसकारण सत्ताका विरूद्धमा माथिको साक्ष्यमा वर्गीय प्रतिरोधको भावना टड्कारो रूपमा अभिव्यक्त भएको छ। जहाँ दमन हुन्छ त्यहाँ प्रतिरोध हुन्छ। पञ्चायतकालीन पृष्ठभूमिमा शासकहरूले जनताहरूलाई दमन र शोषण मात्र होइन, विरोध गर्नेहरूको हत्यासम्म गर्दथे। यसै यथार्थलाई माथिको साक्ष्यमा चित्रण गरिएको छ।

**निष्कर्ष**

*अनिदो पहाडसँगै* उपन्यास पञ्चायतकालीन पृष्ठभूमिमा लेखिएको प्रगतिवादी यथार्थवादी उपन्यास हो। यस उपन्यासमा सामन्तहरूमाथि महिला वर्गले र शासकहरूको अन्याय, अत्याचार, दमन र शोषणका विरूद्ध विद्यार्थी, मजदुर तथा आमजनताले गरेको प्रतिरोधको चित्रण गरिएको छ। शासनसत्ता सधैँ निर्मम दमनकारी हुन्छ। सत्ताले आम जनताको अधिकार दिँदैन त्यसका लागि कडा सङ्घर्ष र प्रतिरोध गर्नुपर्ने विषयलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। तत्कालीन पञ्चायतकालीन शासकहरूको दमन र उत्पीडनबाट जनताहरू आधारभूत अधिकार र आवश्यकताबाट समेत वञ्चित हुनपरेको तितो यथार्थलाई प्रस्तुत गर्दै अधिकार प्राप्तिका लागि शासकहरूविरूद्ध सिँगौरी खेल्न पछि पर्नुहुँदैन भन्दै सामन्त शासकहरूविरूद्ध प्रतिरोधको विचार व्यक्त गरिएको छ। गाउँमा पनि कृष्णे कार्की र सतासी बाजेजस्ता सामन्तहरूका कारण गोरीमायाजस्ता निम्नवर्गीय महिलाहरूको अवस्था दयनीय भएको भन्दै यस उपन्यासमा गोरीमायामार्फत नै प्रतिरोध गरेको देखाइएको छ। सुवानी र लालबहादुरको सहयोग र प्रेरणाका कारण गोरीमायामा पनि प्रतिरोधको चेतना विकास भएको छ। यसैगरी यस उपन्यास पितृसत्ताका कारण महिलाहरूले सहनुपरेको उत्पीडनप्रति गोरीमाया र सुवानीले प्रतिरोध गरेको देखाएर लैङ्गिक प्रतिरोधलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ। सुवानी, एम.आर.र लालबहादुरका माध्यमबाट शासनसत्ताले जनतामाथि गरेको वर्गीय शोषणप्रति विरोध देखाइ वर्गीय प्रतिरोध व्यक्त गरिएको छ। उपन्यासको अन्त्यतिर सुमतीको हत्यापश्चात् सम्पूर्ण गाउँलेहरूले सामन्त शासकका विरूद्ध आजीवन लड्ने प्रतिज्ञा गरेर वर्गीय प्रतिरोधलाई सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ। यसरी पारिजातको *अनिदो पहाडसँगै* उपन्यास प्रतिरोधको चेतनाका दृष्टिले उत्कृष्ट ठहरिन्छ।

**सन्दर्भ सामग्रीसूची**

उप्रेती, सञ्जीव (२०६३) *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन नेपाल।

गिरी, अमर (२०७०), 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', *भृकुटी,* (भाग १९, असार) पृ. ११–४६।

गुप्ता रमणिका (सन् २०२२), *आदिवासी शौर्य एवं विद्रोह,* रमणिका गुप्ता (सम्पा.), दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड।

टेटे, वंदना (सन् २०२३), *वाचिकता आदिवासी दर्शन, साहित्य और सौन्दर्यबोध* (दोस्रो संस्क.), दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड।

ढकाल, घनश्याम (२०६७), 'उत्तरआधुनिकतावाद : सार एक रूप अनेक', *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत्र), पृ.१९१–२०१।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी,* (भाग १९, असार) पृ.३३५–३६४।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

सुवेदी, अभि (२०७८), 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना,* (सैद्धान्तिक खण्ड), काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १२४-१३९।